# राष्ट्रिय दलित आयोग
## National Dalit Commission

प.सं.:२०७८/०७९
च.नं. ७६१

# जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस,२०७९ को अवसरमा राष्ट्रिय दलित आयोगको शुभकामना सन्देश

नेपाली समाजमा विद्यमान रहेको जातीय भेदभाव तथा छुवाछूत उन्मूलन गर्दै नेपाल राज्यलाई छुवाछूत मुक्त राष्ट्र घोषणा गरेको दिनको स्मरणमा प्रत्येक बर्ष जेठ २१ गते मनाउदै आएको राष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण दाजुभाई दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । जातीय विभेद र छुवाछूत विरुद्धका सबै आन्दोलनहरुमा प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धा-सुमन अर्पण गर्दछौ । साथै जातीय भेदभाव तथा छुवाछूत अन्त्यको अभियान तथा आन्दोलनमा निरन्तर सहभागी हुनुहुने तथा नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति सम्मान प्रकट गर्दछौ ।

नेपालमा सबै खाले परिवर्तनमा दलित समुदायको भूमिका महत्वपूर्ण रहदै आएको छ । परिवर्तनका सबै मोर्चा तथा क्षेत्रमा दलित वर्गको सक्रिय सहभागिताले नै परिवर्तनको चाहनालाई सार्थक निष्कर्षमा पुऱ्याएको स्मरण नै छ । संविधान र कानूनले जातीय आधारमा हुने सबै प्रकारका विभेद, कुरीति, अन्धविश्वास, अपराध, बहिष्करण, वञ्चितिकरण र हिंसालाई अन्त्य र निषेध गरेको छ । युगौं अघि देखिको कुप्रथाबाट प्रभावित सामाजिक जातीय भेदभाव र छुवाछूतमा आधारित जघन्य अपराधको शिकार हुदै आएका दलित समुदायको न्याय, समानता तथा मानव हित विरुद्धका गतिविधिहरुलाई नियन्त्रण र जातीय भेदभाव तथा छुवाछूतको समुल अन्त्यको लागि नेपाल सरकारले २०६३ साल जेठ २१ गते नेपाल राज्यलाई छुवाछूत मुक्त राष्ट्र घोषणाको आज १६ औ बर्ष पार गर्दा समेत समाजमा हुने हेला, होचो, अन्याय, अत्याचार, विभेद, कुरीति, अन्धविश्वास, अपराध, बहिष्करण,वञ्चितिकरण जस्ता कुप्रथाहरु पूर्णरुपमा अन्त्य हुन सकेका छैनन् ।
मानव समाज विकासको मध्ययुगीन चरणमा भएको श्रम विभाजनलाई आधार बनाएर वा समाजको अन्धविश्वासको आड लिएर युगौं अघिदेखि भइरहेको छुवाछूत प्रथाको अन्त्य गर्न कानूनी निषेध मात्रै पर्याप्त हुदैन । सामाजिक अन्धविश्वासको आड लिएर हुने यस्ता अमानवीय प्रथा विरुद्ध सरकार प्रमुखको नेतृत्वमा केन्द्र, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायहरु

कुपण्डोल, ललितपुर, फोन नं.: ०१-५४३११४८,०१-५४३३६५०
Kupondol, Lalitpur. E-mail: info@ndc.gov.np, web: www.ndc.gov.np

प.सं.:२०७८/०७९
च.नं.

वीच एकिकृत अभियान चलाउनु पर्दछ । जेष्ठ २१ को दिनलाई अभियानकै रुपमा केन्द्र, प्रदेश, स्थानीय तहहरुमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस मनाई सचेतना सन्देश प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्छ ।

जातीय छुवाछूत भेदभाव वा छुवाछूतका पिडामा परेको निश्चित समुदायको मात्र नभई हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रको समस्या हो । त्यसैले जातीय छुवाछूतका पिडा अन्त्य गर्दै मानव अधिकार संरक्षण गर्न सम्पूर्ण व्यक्ति, परिवार, समाज, तीनै तहका सम्पूर्ण सरकारी निकाय, राजनीतिक दल, राष्ट्रिय तथा अन्तर्रराष्ट्रिय गैर सरकारी संघ संस्था, नागरिक समाज, मिडिया र आम नागरिकहरु सम्बन्धित सबैमा विभेद उन्मूलनका लागि आह्वान गर्दछौं ।

अन्त्यमा **"हामी सबैको सन्देश जातीय छुवाछूत प्रथाको पूर्ण बन्देज"** उद्घोषका साथै आगामी दिनहरुमा सामाजिक न्याय, मानवमर्यादा र सद्भावका लागि सबैको सकारात्मक एवं रचनात्मक सहकार्यको अपेक्षा सहित जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मिति:२०७९/०२/२१

देवराज विश्वकर्मा
माननीय अध्यक्ष
राष्ट्रिय दलित आयोग